# तिलोत्तमा नगरपालिकाको विनियोजन विधेयक, २०८०

तिलोत्तमा नगरपालिकाको आर्थिक बर्ष २०८०/२०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक।

सभामा पेश भएको मितिः २०८०/०३/१०

**प्रस्तावनाः** तिलोत्तमा नगरपालिकाको आर्थिक बर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम तिलोत्तमा नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ

२. यस ऐनको नाम "तिलोत्तमा नगरपालिकाको विनियोजन ऐन, २०८०" रहेको छ ।

३. यो ऐन २०८० श्रावण १ गतेदेखि लागू हुनेछ ।

४. आर्थिक वर्ष २०८०/०८१ को निमित्त संचितकोषबाट रकम खर्च गर्ने अधिकार

१. आर्थिक वर्ष २०८०।०८१ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगतखर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.२७३८४३९५२९।००।-(अक्षरुपीः दुइ अर्व त्रिहत्तर करोड चौरासी लाख उनान्चालीस हजार पाँच सय उनान्तीस रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएतापनि यो ऐन प्रमाणिकरण पश्चात कुनै मन्त्रालय, संघ-संस्था, दातृनिकाय लगायत अन्य कुनै स्थानबाट निशर्त वा सशर्त कार्यक्रमको रुपमा खर्च गर्ने गरी नगरपालिकाको सञ्चित कोषमा थप रकम प्राप्त हुन आएमा नगर कार्यपालिकाको स्वीकृती लिई खर्च गर्न वाधा पुग्ने छैन ।

३.	विनियोजन

क) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०।०८१ को निमित्त तिलोत्तमा नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

ख)	उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरसभाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ ।

ग)	उपदफा (२) बमोजिम रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

४.	उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूची-१

## (दफा) २ सँग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संचितकोषबाट विनियोजन हुने रकम रु.२७३८४३९५२९।००

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगर कार्यपालिका र विषयगत शाखा वडा सिमित | ७२२४५०००० | १६७५९८९५२९ | ० | २३९८४३९५२९ |
| २ | | नगर कार्यपालिका सामाजिक सुरक्षा | ३४००००००० | ० | ० | ३४००००००० |
| ३ | | ऋणको सावा व्याज भुक्तानी | ० | ० | ० | ० |
| ४ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| | | जम्मा | १०६२४५०००० | १६७५९८९५२९ | | २७३८४३९५२९।०० |